नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्सः :०९६-४२०१५३
daodadeldhura133@gmail.com
खलङ्गा, डडेल्धुरा

पत्र संख्या :- २०७७/०७८/प्र.

मिति :- २०७८/०२/०५

चलानी नं. :-

विषय : प्रेस विज्ञप्ती ।

हाल देशभर नयाँ भेरियन्ट सहितको कोभिड-१९ को सङ्क्रमण फैलिरहेकोमा डडेल्धुरा जिल्ला पनि अछुतो रहन नसकेको व्यहोरा सर्वसाधारण सवैमा अवगत नै छ । यस जिल्लामा हाल कोभिड -१९ को सङ्क्रमण दर र अस्पताल भर्ना हुने दर समेत अत्याधिक बढी रहेकोले जिल्लामा अक्सिजन लगायत ICU/HDU समेतको अभाव श्रृजना भएको अवस्था छ । यस सन्दर्भमा जिल्लामा कतिपय संघ/संस्थाहरुले आफूखुशि अक्सीजन ल्याउने र सिलिण्डर भर्ने भनी आर्थिक सहयोगहरु लिने गरेको,विभिन्न ठांउमा स्वास्थ्य सुरक्षा मापदण्ड बमोजिमका आईसोलेसन कक्ष निर्माण नभएको तथा राहत कोषहरु स्थापना गर्ने गरेको, कोभिड-१९ नियन्त्रणका लागि आर्थिक सहयोग प्रदान गरेको लगायतका गुनासाहरु प्राप्त हुन आएकाले यस कार्यालयको ध्यानाकर्षण भएको छ । अतः कोभिड रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा कोभिड-१९ जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) गठन गरी विगत देखी क्रियाशिल भई कोराना रोकथाम एवं नियन्त्रणका लागि अहोरात्र खटी कार्य गरीरहेको व्यहोरा समेत सर्वसाधारण सवैमा जानकारी गराईन्छ । यसर्थ कोभिड-१९ को रोकथाम एवं नियन्त्रणका लागि काम गर्न चाहनु हुने व्यक्ति तथा संस्थाहरुले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित कोभिड-१९ जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) मार्फत सञ्चालन गर्ने गराउने व्यवस्था मिलाई एकद्वार प्रणाली अन्तर्गत मात्र राहत एवं आर्थिक सहयोग वितरण गर्नु हुनका साथै निर्माण गरिएका आइसोलेसन एवं क्वारेन्टाईन सेन्टरहरु समेत DCCMC को समन्वय र सहजीकरणमा मापदण्ड बमोजिम मात्र स्थापना गर्न सम्पूर्ण जिल्लाबासी सर्वसाधारण सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो विपरित कसैबाट भए गरेमा स्थानीय प्रशासन ऐन, २०२८, तथा सङ्क्रामक रोग ऐन, २०२० एवं अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत अनुरोध छ ।

२०७८/०२/०५
हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी